ऐन नं १।२०७५।०७६

# हिमा गाउंपालिका

## आर्थिक ऐन, २०७५

सभाबाट स्वीकृत मितिः-२०७५/३/१०

## हिमा गाउंपालिका, जुम्ला

### हिमा गाउंपालिकाको आर्थिक ऐन

**हिमा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** हिमा गाउँपालिकाको आर्थिक वर्ष २०७५।२०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हिमा गाउँसभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि हिमा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२। सम्पति करः गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । अनुसूचि–१ मा समावेश गरिएका कर, दस्तुर, शुल्क एवं महशुलहरु हिमा गाउं पालिकाले आ.व. ०७५/०७६ मा अशुल उपर गर्ने छ।

३ घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४ व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५ जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (१) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (१) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (१) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (१) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटनशुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची १

राजश्व परामर्श समितिको सिफारिस अनुरुप आगामि आ.व. २०७५।०७६ को लागि कर, दस्तुर, शुल्कको प्रस्तावित करको दर ।

राजश्व कर तथा दस्तुर

| सि.नं. | विवरण | इकाई | प्रस्तावित दर रु. | राजश्व परामर्श समिति बाट स्वीकृत | आ.व.०७५/०७६ मा उठ्न सक्ने राजस्वको अनुमान |
|---|---|---|---|---|---|
| १ | गुच्ची च्याउ | के.जी. | ५०० | स्वीकृत | २००० |
| २ | चिराइतो | के.जी | ५० | स्वीकृत | १००० |
| ३ | बोजो | के.जी | ५ | स्वीकृत | १०० |
| ४ | चुक आक्चे/पदमचाल | के.जी | ५ | स्वीकृत | १०० |
| ५ | अतिस | के.जी | ५० | स्वीकृत | १००० |
| ६ | बिष जरा | के.जी | ६ | स्वीकृत | १०० |
| ७ | सुगन्धवाला | के.जी | ६ | स्वीकृत | १०० |
| ८ | तारेचुक डाले | के.जी | ३ | स्वीकृत | १०० |
| ९ | जटामसि जरा | के.जी | ५० | स्वीकृत | ५०० |
| १० | कुटुकी | के.जी | ५० | स्वीकृत | ६०० |
| ११ | सिलाजित | के.जी | १०० | स्वीकृत | २००० |
| १२ | कालादाना | के.जी | ५ | स्वीकृत | २०० |
| १३ | कुरीलो | के.जी | १० | स्वीकृत | २०० |
| १४ | तितेपाती | के.जी | २ | स्वीकृत | १०० |
| १५ | यार्सागुम्बा | के.जी | ३००० | स्वीकृत | ६००० |
| १६ | लोठसल्ला | के.जी | ५ | स्वीकृत | २०० |
| १७ | सतुवा | के.जी | ५० | स्वीकृत | १००० |
| १८ | अन्य नाम नखुलेको | के.जी | ५ | स्वीकृत | १००० |
| १९ | पाखनभेद | के.जी | ५ | स्वीकृत | १०० |
| २० | सेतो चिनी | के.जी. | १० | स्वीकृत | ५०० |
| २१ | धुपीपात | के.जि. | ५ | स्वीकृत | ५०० |
| २२ | धुपीपातको तेल | लि. | २००० | स्वीकृत | ४००० |

| सि.नं. | विवरण | इकाई | प्रस्तावित दर रु. | राजश्व परामर्श समिति बाट स्वीकृत | आ.व.०७५/०७६ मा उठ्न सक्ने राजस्वको अनुमान |
|---|---|---|---|---|---|
| २३ | साधारण च्याउ | के.जि. | १०० | स्वीकृत | १००० |
| २४ | बनलसुन | के.जि. | ५० | स्वीकृत | २०० |
| २५ | ढटेलो जन्य पदार्थ | के.जि. | २० | स्वीकृत | ५०० |
| २६ | ओखर आरु लगायतको पदार्थबाट तेल जन्य पदार्थ | के.जी. | ३० | स्वीकृत | २०० |
| २७ | नयाँ इजाजतपत्र दस्तुर | पटक | ६००० | स्वीकृत | १२०० |
| २८ | इजाजत पत्र नवीकरण (६ महिना अघि) | पटक | २५०० | स्वीकृत | १०००० |
| २९ | इजाजत पत्र नवीकरण (६ महिना पछि) | पटक | ५००० | स्वीकृत | १०००० |
| ३० | संघ संस्था नविकरण | पटक | २५०० | स्वीकृत | १०००० |
| ३१ | संघ संस्था नवीकरण जरिवाना | पटक | ३५०० | स्वीकृत | ३५०० |
| ३२ | उपभोक्ता समिति सूचीकृत | पटक | २५०० | स्वीकृत | ६०००० |
| ३३ | उद्योग दर्ता सिफारिश | पटक | २००० | स्वीकृत | ६००० |
| ३४ | संस्था दर्ता सिफारिश | पटक | २५०० | स्वीकृत | १०००० |
| ३५ | खानी दर्ता | पटक | ५००० | स्वीकृत | ५००० |
| ३६ | विभिन्न नियमावली कार्यविधि | प्रति | १००० | स्वीकृत | १०००० |
| ३७ | व्यक्तिगत रुपमा गरिने सिफारिश | पटक | १०० | स्वीकृत | १००००० |
| ३८ | अन्य सिफारिस/संस्था सिफारिस पत्र | पटक | १५०० | स्वीकृत | १८००० |
| ३९ | वन पूर्जी सिफारिस | क्युफिट | २० | स्वीकृत | ५०००० |
| ४० | पब्लिक निवेदन दस्तुर | पटक | १० | स्वीकृत | ५००० |
| ४१ | बालुवा गिट्टी | प्रति टेक्टर | २०० | स्वीकृत | २००० |
| ४२ | मुहान दर्ता | प्रति | २५०० | स्वीकृत | १०००० |
| ४३ | यस क्षेत्रमा प्रवेश गर्ने प्रवेश शुल्क, जिप,कार | प्रति पटक | ५० | | २००० |
| ४४ | यस क्षेत्रमा प्रवेश शुल्क -बस, ट्रक,) | प्रति पटक | १५० | स्वीकृत | ५०० |
| ४५ | एफ.एम.संचालन सिफारिस | पटक | ३००० | स्वीकृत | ३००० |
| ४६ | स्थानीय क्षेत्र भित्र इन्टरनेट सेवा, केबुल तथा तार बिहिन | पटक | ३००० | स्वीकृत | ३००० |

| सि.नं. | विवरण | इकाई | प्रस्तावित दर रु. | राजश्व परामर्श समिति बाट स्वीकृत | आ.व.०७५/०७६ मा उठ्न सक्ने राजस्वको अनुमान |
|---|---|---|---|---|---|
| | टेलीभिजन प्रसारण अनुमति, नविकरण | | | | |
| ४७ | एकिकृत सम्पत्ति कर: एकिकृत सम्पत्ति कर कार्यविधि, २०७५ को अनुसूचि–६ मा भएको जग्गाको मूल्याङ्कन, अनुसूचि–७ मा भएको संरचनाको मूल्याङ्कन एवं अनुसूचि–१ मा भएको एकिकुत सम्पत्तिको करको दर वमोजिम एकिकृत सम्पत्ति कर असुल उपर गरिने छ, जुन यस ऐनमा क्रमश: अनुसूचि–२,३ र ४मा व्यवस्थित गरिएको छ। | | अनुसूचीमा व्यवस्थित गरिएको छ | | ४७०००० |
| ४८ | खुद्रा पसल कर | बार्षिक | २०० | स्वीकृत | २०००० |
| ४९ | मदिरा पसल | बार्षिक | १००० | स्वीकृत | ३००० |
| ५० | कपडा फेन्सी पसल | बार्षिक | ५०० | स्वीकृत | २००० |
| ५१ | चार किल्ला प्रमाणित | प्रति कित्ता | ७०० | स्वीकृत | ३५००० |
| ५२ | नाता प्रमाणित | पटक | १५० | स्वीकृत | १८००० |
| ५३ | घरको नक्सा पास आवासिय | वर्ग फिट | २.५ | स्वीकृत | ३०००० |
| ५४ | घरको नक्सा पास व्यापारिक | वर्ग फिट | ४ | स्वीकृत | २०००० |
| ५५ | जिव जन्तुको हाड, सिंग, प्वांख, छालामा कर, प्राकृतिक स्रोत साधन | पटक | ५०० | स्वीकृत | २००० |
| ५६ | ट्रेकिगं, कायाकिगं, क्यानोनिगं र र्‍याफ्टगं शुल्क | पटक | ५०० | स्वीकृत | १००० |
| ५७ | स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापनट | पटक | ५०० | स्वीकृत | १०००० |
| ५८ | विज्ञापन कर | वार्षिक | ३००० | स्वीकृत | ९००० |
| ५९ | फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई अनुमति | बार्षिक | १५० | स्वीकृत | ३०० |
| ६० | दण्ड जरिवाना | पटक | ५०० | स्वीकृत | ५००० |
| ६१ | पार्किगं शुल्क | घण्टा | ५ | स्वीकृत | २५० |
| ६२ | पानी घट्ट (नंया दर्ता) | पटक | २०० | स्वीकृत | १०००० |

| सि.नं. | विवरण | इकाई | प्रस्तावित दर रु. | राजश्व परामर्श समिति बाट स्वीकृत | आ.व.०७५/०७६ मा उठ्न सक्ने राजस्वको अनुमान |
|---|---|---|---|---|---|
| ६३ | पानी घट्ट (नविकरण) | पटक | १०० | स्वीकृत | ३०० |
| ६४ | हातहतियार नविकरण | पटक | ५०० | स्वीकृत | १००० |
| ६५ | मेलामा फुटकर पसल | प्रति पसल | ५० | स्वीकृत | ५००० |
| ६६ | मनोरन्जन कर | प्रति स्टल | १०० | स्वीकृत | ५०० |
| ६७ | समूह दर्ता | पटक | १०० | स्वीकृत | ६००० |
| ६८ | समूह नविकरण | पटक | ५० | स्वीकृत | ३००० |
| ६९ | नर्सरी दर्ता | पटक | २०० | स्वीकृत | १००० |
| ७० | नर्सरी नविकरण | पटक | ५० | स्वीकृत | १०० |
| ७१ | कृषि फर्म दर्ता( व्यवसायिक) | पटक | २०० | स्वीकृत | २००० |
| ७२ | पशुपंक्षि दर्ता शुल्क | प्रति | १० | स्वीकृत | १०००० |
| ७३ | पशुपंक्षि खोप शुल्क | प्रति | १० | स्वीकृत | २०००० |
| ७४ | युवा लक्षित कार्यक्रममो निवेदन दर्ता शुल्क | पटक | १०० | स्वीकृत | ३००० |
| ७५ | साना सिचाई तथा हिम पोखरी निर्माण निवेदन दर्ता शुल्क | पटक | १०० | स्वीकृत | १५०० |
| ७६ | मेडिकल दर्ता | पटक | १०००० | स्वीकृत | १०००० |
| ७७ | मेडिकल नविकरण | पटक | १००० | स्वीकृत | २००० |
| ७८ | क्लिनिक दर्ता | पटक | ५००० | स्वीकृत | १०००० |
| ७९ | क्लिनिक नविकरण | पटक | ५०० | स्वीकृत | १००० |
| | जम्मा | | | | १०५४४५० |
| | | | | | |

# अनुसूची –२
**(दफा १२ को उपदफा (३) (क) संग सम्बन्धित)**

## जग्गाको न्यूनतम मूल्यांकन हद

वडा नं. ....

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य<br>प्रति वर्ग मि. रु |
|---|---|---|
| क. व्यापारिक क्षेत्र | बाग बजार , जुगाड बजार, बाजागाड बजार क्षेत्र, कोईरेली बजार क्षेत्र, बड्की बजार क्षेत्र, देवारगाउँ बजार क्षेत्र , आचार्यलिही बजार क्षेत्र, | प्रति वर्ग मिटर रु ५००।- |
| ख) आवासिय क्षेत्र | हिमा गाउँपालिका भित्रको सम्पुर्ण वस्ति क्षेत्र | प्रति वर्ग मिटर रु ३००।- |
| ग) कृषि क्षेत्र | खण्ड क र ख संग समेटीएका क्षेत्रहरु र खण्ड घ बाहेकका क्षेत्रहरु | प्रति वर्ग मिटर रु २५०।- |
| घ) वन तथा वगर क्षेत्र | खण्ड क, ख र ग बाहेक वन जङ्गल र नदि खोला किनाराका क्षेत्र | प्रति वर्ग मिटर रु १००।- |

अनुसूची - ३

(दफा १२ को उपदफा (३) (ख) सँग सम्बन्धित)

# संरचनाको मूल्यांकन दर

| क्षेत्र | | संरचनाप्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | व्यापारिक,औद्योगिकतथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिकत था संस्थागत | बसोवास | व्यापारिक, औद्योगिकतथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिकतथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | १००० ।- | ७००।- | १५०० ।- | १०००।- | ५००।- | ३००।- | ४००।- | २५०।- | २००।- | १५०।- |
| ख | आवासीय क्षेत्र | ८००।- | ६००।- | १००० ।- | ८००।- | ५००।- | ३००।- | ४००।- | २५०।- | २००।- | १५० ।- |
| ग | कृषि क्षेत्र | ६००।- | ४००।- | ८००।- | ४००।- | ४००।- | ३००।- | ४००।- | २५०।- | २००।- | १५० ।- |
| घ | बन तथा वगर क्षेत्र | ५००।- | ४००।- | ८००।- | ४००।- | ४००।- | ३००।- | ४००।- | २५०।- | २००।- | १५०।- |

अनुसूची- ४

(दफा ३ सँग सम्बन्धित)

## एकीकृत सम्पत्ति करको दर

| करयोग्यएकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु २५० (दुई सय पचास) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाख ५० (पचास) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख ६० (रु वीस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख ७० (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख ८० (रु तीश) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख ९० (रु पैंतालिस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख १०० (रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**माथि उल्लिखित दरको आधारमा लाग्ने करको उदाहरण :**

| मुल्यांकन लाखमा | करको दर | कर रकम |
|---:|---:|---:|
| ५० | १० | ५०० |
| १०० | २० | २००० |
| २०० | २५ | ५००० |
| ३०० | ३० | ९००० |
| ५०० | ४५ | २२५०० |
| १००० | ५० | ५०००० |
| १५०० | ५० | ७५००० |